म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१७ अङ्क:- ११८ २०८२ चैत ७ गते शनिबार 21 March 2026, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो। हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माफ हामीले आजबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं। छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ। तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं। छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं। नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं।

**सम्पादक।**

## बागमतीको राजस्व संकलन कमजोर

# ८ महिनामा ३६ प्रतिशत प्रगति

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारको राजस्व संकलनको अवस्था कमजोर देखिएको छ। प्रदेश सरकारले चालू आर्थिक वर्ष २०८२/०८३ को राजस्व संकलनको अवस्था निकै सुस्त देखिएको हो। आर्थिक वर्षको ८ महिना (फागुन मसान्त) बितिसक्दा सरकारले आफ्नो कुल वार्षिक लक्ष्यको केवल ३६.२१ प्रतिशत मात्र राजस्व संकलन गरेको हो। प्रदेश सरकारले चालु आर्थिक वर्षमा कुल ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएकोमा फागुन मसान्तसम्म २४ अर्ब ४१ करोड २ लाख ८७ हजार रुपैयाँ मात्र प्राप्ति भएको हो।

आर्थिक वर्षको समाप्तीमा बाँकी रहेको ४ महिनको अवधिमा प्रदेश सरकारले ६३.७९ प्रतिशत राजस्व संकलन गर्नुपर्ने अवस्था रहेको छ। आर्थिक वर्षको दुई-तिहाइ समय सकिँदा पनि राजस्व संकलन ४० प्रतिशत भन्दा कम हुँदा प्रदेश सरकारको बजेट कार्यान्वयनमा दबाब सिर्जना गर्ने देखिएको छ। विशेषगरी विकास निर्माणका काम सुस्त हुनु, घरजग्गा कारोबारमा आएको मन्दी र पर्वतारोहण तथा रोयल्टी शीर्षकमा रकम प्राप्त नहुनुलाई यसको मुख्य कारण मानिएको छ।

पछिल्लो समय भएको जेनजी आन्दोलनको प्रभाव, चाडपर्व, विपद् व्यवस्थापन र जोखिम, बजेट कार्यान्वयनको अस्पष्टता र प्रदेश सरकारका केही नीतिगत निर्णयमा ढिलाई लगायतका कारणले राजस्व संकलन कमजोर देखिएको छ। सरकारले लक्ष्य अनुसारको राजस्व संकलन गर्न बाँकी ४ महिनामा संकलनको गतिलाई बढाउनुपर्ने चुनौती देखिएको छ। अर्थतन्त्र चलायमान गर्न प्रदेश सरकारले बजेट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै नागरिकमैत्री राजस्व संकलन प्रणाली अवलम्बन गर्नुपर्ने देखिन्छ।

### कुन क्षेत्रबाट कति प्राप्त भयो राजस्व ?

बागमती प्रदेश सरकारले अनुदान तथा बाँडफाँडवापत संघीय सरकारबाट प्राप्त हुने राजस्व समेत लक्षय अनुरुप प्राप्त हुन सकेको देखिदैन। संघीय सरकार र स्थानीय तहसँग बाँडफाँड हुने राजस्वका शीर्षकहरुमा प्रदेश सरकारले ४५.१५ प्रतिशत प्रगति हासिल गरेको छ।

३० अर्ब ८९ करोड १९ लाख रुपैयाँको अनुमानित लक्ष्यमा १३ अर्ब ९३ करोड ९७ लाख १५ हजार रुपैयाँ संकलन भएको छ। सो अन्तर्गत घरजग्गा रजिष्ट्रेशन दस्तुरबाट ३३.२५ प्रतिशत, मूल्य अभिवृद्धि करबाट ५७.३६ प्रतिशत, सवारी साधन कर वापत ५३.९३ प्रतिशत र अन्तःशुल्कबाट ४२.३५ प्रतिशत राजस्व प्राप्त भएको छ। तर, पर्वतारोहण रोयल्टी, विद्युत र वन रोयल्टी जस्ता शीर्षकहरुमा भने राजस्व शून्य देखिएको छ।

संघीय सरकारबाट प्राप्त हुने विभिन्न अनुदानतर्फ ५३.६० प्रतिशत प्रगति देखिएको छ। १४ अर्ब ८९ करोड ९३ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा फागुन मसान्तसम्म ७ अर्ब ९८ करोड ५७ लाख ६६ हजार रुपैयाँ प्राप्त भएको छ। यसमा वित्तीय समानीकरण अनुदानको प्रगति ७०.४३ प्रतिशत र सशर्त अनुदानको प्रगति ४०.९८ प्रतिशत रहेको छ। विषेश अनुदान वापतको रकम पूँजिगत र चालु तर्फ १५/१५ प्रतिशत प्राप्त भएको छ।

प्रदेश सरकारले आफ्नै स्रोतबाट संकलन गर्ने राजस्वमा ५२.३५ प्रतिशत प्रगति गरेको छ। ४ अर्ब ७७ करोड ७४ लाख रुपैयाँको लक्ष्यमा २ अर्ब ५० करोड १२ लाख १८ हजार रुपैयाँ संकलन भएको छ। प्रदेश सरकारले सवारी चालक अनुमति पत्र र सवारी दर्ता किताब सम्बन्धी दस्तुरबाट ६५.५९ प्रतिशत (१ अर्ब ६२ करोड ३८ लाख) संकलन भएको छ भने मनोरञ्जन र विज्ञापन: विज्ञापन करमा २४.१६ प्रतिशत र मनोरञ्जन करमा ११.५६ प्रतिशत मात्र प्रगति छ। शिक्षा क्षेत्रको आम्दानी २७.५९ प्रतिशत र परीक्षा शुल्क २१.६८ प्रतिशत संकलन भएको छ। पर्यटन शुल्क र पदयात्रा शुल्क जस्ता शीर्षकमा फागुन मसान्तसम्म कुनै पनि रकम संकलन हुन सकेको छैन। सरकारले बेरुजु र गत वर्षको नगद मौज्दातबाट १६ अर्ब ९८ करोड ९४ लाख रुपैयाँ प्राप्ति हुने अनुमान गरेको थियो। तर, यस शीर्षकमा निकै कम अर्थात् ०.६३ प्रतिशत (१० करोड ६९ लाख ६६ हजार) मात्र प्राप्ति भएको छ।

### राजस्व लक्ष्य प्रभावित : उपाध्याय

घरजग्गा कारोबारमा आएको मन्दी, संघीय सरकारबाट प्राप्त हुने अनुदानमा भएको कटौती र न्यून पुँजीगत खर्चलाई भएकाले राजस्व संकलन पनि कमजोर देखिएको बागमती प्रदेश लेखा नियन्त्रण कार्यालयले जनाएको छ। प्रदेश लेखा नियन्त्रक हरिप्रसाद उपाध्यायका अनुसार प्रदेशको प्रमुख आन्तरिक स्रोतको रुपमा रहेको घरजग्गा रजिष्ट्रेशन शुल्कमा उल्लेख्य गिरावट आएको छ।

संघीय सरकारबाट प्राप्त हुने अनुदानमा भएको कटौतीले पनि प्रदेशको ढुकुटीमा असर पारेको उनले बताए। संघीय सरकारले आफ्नो राजस्व लक्ष्य भेट्न नसक्दा त्यसको असर प्रदेशलाई दिइने समानीकरण अनुदानमा परेको उपाध्यायको भनाइ छ।

'फागुन मसान्तसम्म घरजग्गा रजिष्ट्रेशन शुल्क लक्ष्यको ३३.२५ प्रतिशत मात्र संकलन भएको छ।' उनले भने, 'बागमती प्रदेशभित्रका मालपोत कार्यालयहरूमा घरजग्गाको किनबेच र कारोबार घटेकाले यसको सिधा असर राजस्वमा परेको हो। प्रदेशको अर्को ठूलो स्रोत सवारी साधन करतर्फ भने केही सन्तोषजनक अर्थात् करिब ५४ प्रतिशत प्रगति भएको छ। पुससम्मको राजस्व संकलनको आधारमा संघीय सरकारले तेस्रो किस्तामा ४.५३ प्रतिशतले अनुदान कटौती गरेको छ। यसले गर्दा प्रदेशले पाउनुपर्ने ८ अर्ब २८ करोडमध्ये झण्डै ३८ करोड रुपैयाँ कम प्राप्त भएको छ।'

समानीकरण अनुदानबाहेक सशर्त र विशेष अनुदानहरु पनि प्रदेशको खर्च प्रगतिकै आधारमा प्राप्त हुने भएकाले, प्रदेशको खर्च (८ महिनामा २२ प्रतिशत मात्र) न्यून हुँदा अनुदानको निकासा पनि कम भएको उनले बताए। प्रदेश सरकारले आफ्नै स्रोतबाट ४ अर्ब ७७ करोड रुपैयाँ संकलन गर्ने लक्ष्य राखेकोमा हालसम्म ५२.३५ प्रतिशत मात्र प्रगति भएको छ। अघिल्लो वर्षको तुलनामा लोकसेवा आयोगले लिने परीक्षा विज्ञापनमा आएको कमी र घरेलु तथा साना उद्योग दर्तामा आएको गिरावटले राजस्व प्रभावित भएको उपाध्यायले बताए।

आर्थिक वर्षको दुई-तिहाइ समय सकिँदा ३६ प्रतिशत मात्र राजस्व संकलन हुनुले प्रदेश सरकारलाई बजेट कार्यान्वयनमा चुनौती थपेको उनले बताए। उनका अनुसार आर्थिक वर्षको बाँकी ४ महिनामा राजस्व संकलनको गति नबढे र संघीय अनुदानको अवस्थामा सुधार नआए प्रदेशका धेरै योजनाहरु बजेट अभावका कारण प्रभावित हुन सक्ने देखिन्छ।

# नगर अस्पतालमा डाक्टर टिकाउनै चुनौती

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगरपालिकाले सञ्चालन गरेको नगर अस्पतालहरुमा नियमितरुपमा डाक्टर टिकाउन चुनौती बन्दै गएको छ। उपमहाननगरको वडा नं १२ मा रहेको पदमपोखरी अस्पताल र वडा नं १६ मा रहेको हटिया अस्पतालमा नियमितरुपमा डाक्टर टिकाउन चुनौती बनेको हो।

यी दुबै अस्पतालहरुमा एक-एक जना एमबीबीएस डाक्टर (मेडिकल अधिकृत) करार दरबन्दी रहेका छन्। यी दरबन्दीमा कम समय डाक्टर कार्यरत रहन्छन् भने धेरै समय दरबन्दी नै रिक्त रहिरहेको पाइन्छ। दुबै अस्पतालमा नियमितरुपमा चिकित्सक सेवा दिलाउन उपमहानगरपालिकालाई हम्मेहम्मे परिरहन्छ।

पदमपोखरी अस्पतालमा कार्यरत डा. गजल पन्तले गत असारमा वैदेशिक यात्राका लागि राजीनामा दिएपछि ३ महिना पद रिक्त भई कात्तिकमा नयाँ चिकित्सकको रुपमा डा. सवना खातुन नियुक्त हुनुभएको थियो। यो समयमा हटिया अस्पतालमा भने डा. नरेन्द्र केसी कार्यरत हुनुहुन्थ्यो। तर एक महिनापछि मंसिरमा हटिया अस्पतालमा कार्यरत डा. केसीले पनि वैदेशिक यात्राका लागि भन्दै राजीनामा दिएपछि सो अस्पतालको दरबन्दी पनि रिक्त हुन पुगेको छ। हाल उपमहानगरपालिकाको जनस्वास्थ्य शाखाले सो पदपूर्तिका लागि विज्ञापन गर्ने तयारी गरेको छ।




गत मंसिरमा डा. केसीले राजीनामा दिएपछि हालसम्म पनि हटिया अस्पतालमा डाक्टरको सेवा रोकिएको जनस्वास्थ्य प्रमुख सूर्यप्रसाद तिवारीले जानकारी दिनुभयो। उहाँले दुबै नगर अस्पतालमा यस्ता समस्याहरु दोहोरिरहेकाले यसको दीर्घकालीन समाधानको पहल गरि रहेको स्पष्ट पार्नुभयो। उहाँले कतिपय स्थानमा एमबीबीएस अध्ययन गर्न उपमहानगरपालिकाले छात्रवृत्ति दिएका विद्यार्थीहरुले एमबीबीएस उत्तीर्ण भएपछि कम्तीमा दुई वर्ष यी अस्पतालमा सेवा दिनुपर्ने व्यवस्था मिलाउन उपमहानगरपालिकामा छलफल भइरहेको जानकारी दिनुभयो।

नगर अस्पतालको रुपमा वडाबासीहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु उपलब्ध गराउँदै आएका यी अस्पतालहरुमा दैनिक ३० देखि ५० जनासम्म बिरामीहरु उपचारका लागि आउने गरेको हेटौंडा उपमहानगरपालिकाको जनस्वास्थ्य शाखाले जनाएको छ। नगर अस्पतालहरु विशेष उपचार सेवा भन्दा पनि सामान्य स्वास्थ्य समस्याहरुको उपचार गर्ने उद्देश्यले निर्माण गरिएको बताउँदै जनस्वास्थ्य प्रमुख तिवारीले यी अस्पतालमा पूर्ण दरबन्दीमा जनशक्ति पुऱ्याउन सकेमात्र पनि सामान्य बिरामीहरुको चाप हेटौंडा अस्पतालमा नपर्ने उल्लेख गर्नुभयो।

हाल हटिया अस्पतालमा एक जना मेडिकल अधिकृत (डाक्टर) सहित २ जना सिनियर अहेब, १ जना ल्याब टेक्निसियन, २ जना अहेब, १ जना सिनियर अनमी, १ जना अनमी र २ जना कार्यालय सहयोगीसहित कुल १० जना कर्मचारीहरुको दरबन्दी छ। यीमध्ये १ जना सिनियर अहेब र १ जना सिनियर अनमीको पद स्थायी र बाँकी अन्य पद करारका रहेका छन्।

यस्तै, पदमपोखरी अस्पतालमा पनि एक मेडिकल अधिकृत (डाक्टर) सहित २ जना सिनियर अहेब, १ जना रेडियोलोजिष्टसहित ल्याब टेक्निसियन, १ जना अहेब, १ जना सिनियर अनमी, १ जना अनमी र १ जना कार्यालय सहयोगीसहित कुल ८ जना कर्मचारीहरुको दरबन्दी छ। यस अस्पतालमा २ जना अहेब र १ जना अनमीको पद स्थायी र बाँकी पदहरु भने करारमा रहेका छन्। दुबै अस्पतालमा डाक्टरबाहेक अन्य दरबन्दीमा भने स्थिररुपमा कर्मचारीले काम गरिरहेको जनस्वास्थ्य शाखाले जनाएको छ।

# ठगीको अभियोगमा राक्सिराङकी धनसानी पक्राउ

समाज संवाददाता

हेटौंडा : वैदेशिक रोजगारीका लागि क्यानडा पठाइदिन्छु भनी ठगी गर्ने एकजनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। प्रहरीले ठगी गरेको अभियोगमा मकवानपुरको राक्सिराङ गाउँपालिका-१ की ३७ वर्षीया धनसानी गोलेलाई पक्राउ गरेको जनाएको छ।

प्रहरीले गोलेलाई वैदेशिक रोजगार ठगी सम्बन्धी कसुर मुद्दामा जारी भएको पक्राउ पुर्जी बमोजिम पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले गोलीलाई पक्राउ गरेर काठमाडौंको ताहाचलस्थित बैदेशिक रोजगार विभाग काठमाडौंमा पठाउने तयारी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक पुष्कर बोगटीले जानकारी दिनुभयो।

# एक नेपाली इरानको कब्जामा

काठमाडौं : इरानले होर्मुज क्षेत्रबाट एक जना नेपालीलाई पक्राउ गरेको छ। परराष्ट्र मन्त्रालयले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा होर्मुज क्षेत्रबाट एक नेपालीलाई पक्राउ गरेको जानकारी दिएको हो। पक्राउ परेका व्यक्ति अमृत झा रहेको बताइएको छ।

परराष्ट्रको पश्चिम एसिया महाशाखाका प्रमुख रामकाजी खड्काले पत्रकार सम्मेलनमा होर्मुज क्षेत्रबाट एक जना नेपालीलाई पक्राउ गरेको बताएका हुन्। होर्मुज क्षेत्रमा पानी जहाजमा काम गर्ने क्रममा ईरानले जहाजका सबै क्रु मेम्बर लाई नियन्त्रणमा लिएको थियो। सोहि क्रममा उनी पनि परेका हुन्। पक्राउ परेको विषयमा आफन्तहरूले परराष्ट्रलाई जानकारी गराएका थिए। अमेरिका, इजरायल र इरानबीच द्वन्द्व बढ्दा मध्यपूर्वमा

...बाँकी पृष्ठ ३ मा

# लागूऔषध अफिमसहित मनहरी-६ का देवचन्द्र पक्राउ



*प्रहरीले देवचन्द्रको साथबाट बरामद गरेको अफिम।*

समाज संवाददाता

हेटौंडा : मकवानपुर प्रहरीले लागूऔषध अफिमसहित एकजनालाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले बिहिबार दिउँसो साढे २ बजेको समयमा मनहरी गाउँपालिका-७, मनकामना सामुदायिक वन क्षेत्रमा रुपाचुरी-मनहरी कच्ची सडकमा शंकास्पद रुपमा हिँडिरहेका मनहरी-६, रुपाचुरीका ३२ वर्षीय देवचन्द्र घलानलाई ३ किलो ४७८ ग्राम लागूऔषध अफिमसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। प्रहरीले घलानलाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालतबाट लागूऔषध सम्बन्धी कसुरमा म्याद अनुमति लिई थप अनुसन्धान गरिरहेको जानकारी दिएको छ।




# धुरन्धर-२

(फिल्म समीक्षा)



✍सुशील राज गिरी




मैले 'धुरन्धर : द रिभेन्ज' हेरें । सबैभन्दा पहिले राम्रो कुरा भन्छु चार घण्टाको फिल्म हुँदाहुँदै पनि मलाई बोर लागेन (पहिलो हाफमा एकैछिन बोर लाग्या जस्तो नभएको भने होइन) । बीचमै निदाउने अवस्था भने कहिँ कतै कुनैबेला आएन । समग्रमा हेर्दा फिल्म हेर्न मजा आयो ।

तर, जति उत्साह र उत्सुकता मलाई पहिलो भाग हेर्दा आएको थियो, त्यति यसमा महसुस भएन । पहिलो फिल्म अलि गहिरो थियो । त्यसमा पात्रहरूको मनोवैज्ञानिक पक्ष राम्रोसँग देखाइएको थियो । त्यो फिल्मले दर्शकमा तनाव र सस्पेन्स पैदा गर्थ्यो, र किन यस्तो भइरहेको छ ? भन्ने जिज्ञासा पनि बढाउँथ्यो । त्यसैले पात्रहरूले किन के गर्दैछन् भन्ने बुझ्न मन लाग्थ्यो ।

सायद पहिलो भागमा नयाँपन थियो, त्यसैले त्यो अझ प्रभावशाली लाग्यो । तर यो भाग हेर्दा भने अलि देजावु जस्तो अनुभव भयो (जस्तो कि यस्ता दृश्यहरू पहिले नै देखिसकेको हुँ । कतिपय ठाउँमा त अब के हुन लागिरहेको छ भनेर सजिलै अनुमान गर्न सकिन्थ्यो, जुन राम्रो संकेत होइन । राम्रो सिनेमाले दर्शकलाई सधैं तनावमा राख्छ, सोच्न बाध्य बनाउँछ अब के होला ? भन्ने उत्सुकता जगाइराख्छ । तर यस फिल्ममा त्यो तत्व केही कम महसुस भयो ।

मैले केहि रिभ्यूहरु अध्ययन गरेँ, धेरै मानिसहरूले यसलाई 'मास्टर पिस' भनेर पनि भनेका छन् । तर इमान्दारीपूर्वक भन्नुपर्दा, मेरा लागि भने यो मास्टर पिस होइन । राम्रो फिल्म हो, हेर्न मिल्ने छ, तर जुन स्तरको गहिराइ र प्रभाव म अपेक्षा गरिरहेको थिएँ, त्यो यहाँ पूर्णरूपमा भेटिएन ।

मेरा लागि धुरन्धर २ मा सबैभन्दा दमदार प्रस्तुती भने दुई जनाको रह्यो, अर्जुन रामपाल र सञ्जय दत्त । अर्जुन रामपालले त सबैलाई नै ओझेलमा पारिदिए जस्तो लाग्यो, रणवीर सिंहलाई पनि । मलाई लाग्छ यस फिल्ममा उनले साँच्चै सबैभन्दा बलियो प्रभाव छोडे । उनको स्क्रिन उपस्थिति, उर्जा र अभिनयले फिल्मलाई अर्को स्तरमा पुऱ्यायो भन्ने लाग्छ ।

त्यस्तै सञ्जय दत्तको प्रदर्शन एकदमै उत्कृष्ट थियो । उनको अभिनयमा कुनै पनि ठाउँमा कमजोरी महसुस भएन । उनी एकदमै खतरनाक देखिन्थे, र जहाँ-जहाँ उनी देखिन्थे, त्यहाँ उनी नै हावी जस्तो लाग्थ्यो । उनले स्क्रिनमै आफ्नो नियन्त्रण जस्तो बनाएका थिए, जस्तो कि सबै कुरा उनकै वरिपरि घुमिरहेको छ ।

तर एउटा कुरा भने निकै खल्लो लाग्यो, अक्षय खन्नाको रहमान डकैत पात्रको अभाव । पहिलो भागमा उनको भूमिका निकै दमदार थियो, र यस भागमा उनी नहुँदा त्यो कमी स्पष्टरूपमा महसुस भयो । साँच्चै भन्नुपर्दा, अक्षय खन्ना तपाईं निकै मिस हुनुभयो । रहमान डकैत बिना फिल्मको त्यो खास शैली नै हराएको जस्तो लाग्यो ।

पहिलो भागमा जुन किसिमको आकर्षण र विशिष्टता थियो, त्यो यसपटक पूर्णरूपमा देखिएन । विशेषगरी त्यो रमाइलो इमप्रमटु डान्स जसले फिल्मलाई अझ यादगार बनाएको थियो, यो भागमा थिएन । यहाँ एउटा बलोच डान्सको भर्सन त राखिएको छ, तर त्यो पहिलेको जस्तो प्रभावशाली र मनमोहक भने कदापि लागेन । त्यसैले समग्रमा हेर्दा, त्यो भाइब, शैली जुन धुरन्धरलाई विशेष बनाउँथ्यो, त्यो यस भागमा अलि कम महसुस भयो ।

हो, फिल्ममा सबै कुरा राखिएको जस्तो देखिन्छ एक्सन, ड्रामा, इमोसन सबै । तर हेर्दा के लाग्यो भने, हलमै पनि धेरैजसो मानिसहरू बीच-बीचमा मोबाइल स्क्रोल गर्दै थिए, अलि ध्यान हराएर फेरि फर्केर फिल्म हेर्थे । यो कुनै पनि फिल्मका लागि राम्रो संकेत होइन । यस्तो लाग्यो कि फिल्मले दर्शकलाई लगातार बाँधेर राख्न सकेन । एउटा साँच्चै मनमोहक, अत्यन्तै रोमाञ्जक, सास रोक्ने खालको अनुभव दिने फिल्ममा यस्तो हुनु हुँदैन ।

स्क्रिप्टको कुरा गर्दा पनि, यसपटक खासै बलियो लागेन । कथा अलि साधारण र केही ठाउँमा अनुमान गर्न सकिने जस्तो महसुस भयो । संगीत पनि त्यस्तै पहिलाको जस्तो यादगार र ताजा होइन । रम्बा हो हो हो जस्तो आकर्षक र बाँध्ने क्याचि गीतको कमी खट्कियो । र सपुटिनलाई प्रयोग गरेको तरिका भने रमाइलो लाग्यो, तर त्यो मात्रले सम्पूर्ण संगीतलाई उठाउन सकेन ।

अर्को कुरा यसमा ग्ल्यामर नै छैन जस्तो लाग्छ । फिल्म अलि ड्राइ र गम्भीर मात्र बनाइएको छ । हिंगोवाद (राष्ट्रिय भावनाको जोड) चाहिँ यसमा देखिन्छ, तर सकारात्मक कुरा के हो भने त्यो अलि सन्तुलित राखिएको छ ।

# फर्सी

बालगीत



✍मधुर भट्टराई

झुण्ड्याउनुभो फर्सी
आजै खाने हैन अरे
खाने भोलि पर्सि ।

जब पर्छ तिहुनको
अनिकाल धेरै
फर्सी पनि भन्दो होला
'अब पालो मेरै !'
झुण्डिएको फर्सी देखि
राती बहिनी तर्सी
आजै खाने हैन अरे
खाने भोलि पर्सि ।

उसिनेर खाए हुने
पकाए नि हुने
गुणी पो रहेछ फर्सी
बल्ल आज सुनें ।
बुवालाई चाहिँ मन छ
बेची लाउन जर्सी
आमा भन्नुहुन्छ
'अनिकालमा खाने भोलि पर्सि !'

*(स्रोत: साहित्यपोष्ट)*

# The Harsh Reality of Life



✍Dipan Rana Magar

Always working for success
Without having patience
Struggling to achieve goals and dreams
The painful inner voice and the loud scream

Visiting different places searching for work
Facing humiliation and getting mocked
No one has time to listen and talk to each other
When one tries to do, they feel bothered
Trying to survive in the world
Where people are nasty and cold
Dealing with daunting tasks
From morning to dusk

The life is unfair
Though, all the problems I share
Getting no helping hands
The hard work today is like putting water on sand.

*Class-7, Navodaya Shishu Sadan, Hetauda-4*

# छोरी सुरक्षित रहुन्



✍उत्तम विचार

के गर्व गर्नु छ र जन्म दिएर छोरा
छोरा भए कपुत यौन पिपासु मोरा ।
रक्षार्थ खट्न नसके जित हुन्न हार
छोरी सुरक्षित रहुन् छ यही पुकार ॥१।

छन् गिद्धका हुल यहाँ अनिँदो बसेका
चल्लाहरू खबर छन् तिनले डसेका ।
यो हाल सुन्नु नपरोस् अब बारबार
छोरी सुरक्षित रहुन् म गरूँ पुकार ॥२।

हाम्रो समाजछ कतातिर भासिँदै झन्
संस्कार मूल्य सब देख्दछु मासिँदै छन् ।
खोजौं निदान जड शीघ्र बनोस् किनार
छोरी सुरक्षित रहुन् मनको पुकार ॥३।

आमा अचेत घरमा अलपत्र छोरी
आनन्दको सयर गर्छ उता अघोरी ।
निभ्नेछ भ्याप बिजुली चुँडिनेछ तार
छोरी सुरक्षित रहुन् सबको पुकार ॥४।

यस्तो कडा नियम होस् जति छन् पिपासु
हुन् झार्न बाध्य गहबाट बलिन्द्र आँसु ।
जम्मा भए पनि बुझौं किन पाँच चार
छोरी सुरक्षित रहुन् जनको पुकार ॥५।

हुन निर्मला र इनिशा कि त अंशु नामी
उर्लेर ज्यान किन लिन्छ सधैं सुनामी ।
उमुक्त बाज नउडोस् नगरोस् सिकार
छोरी सुरक्षित रहुन् दिलको पुकार ॥६।

सानन्दले घर फिरून् अब ढुक्कसाथ
छोरी निरीह नबनुन् कहिल्यै अनाथ ।
गोडेर फ्याँक्नुछ जरै सब यौन झार
छोरी सुरक्षित रहुन् सुनियोस् पुकार ॥७।

*(स्रोत: साहित्यपोष्ट)*

# दाइ र भाइ



✍स्वप्निल गिरी

लघुकथा

एउटा गाउँमा दाइ र भाइ बस्थे । दाइको नाम राम थियो र भाइको नाम हरी थियो । राम भने असल थियो तर हरी घमण्डी र नराम्रो थियो । हरीले परीक्षामा नराम्रो नम्बर ल्यायो तर रामले राम्रो नम्बर ल्यायो । त्यो कारणले उनीहरुको आमा चिन्तित हुनुहुन्थ्यो । किनकी हरीले नराम्रो नम्बर ल्यायो । आमाले हरीलाई पढ् भनेर सम्झाउनुभयो । हरी उसको दाइ रामसँग पढ्थ्यो । एक-दुई दिन अल्छी लाग्यो तर पढ्दै जाँदा उसलाई राम्रो लाग्यो । परीक्षाको दिन आयो । यसपालि उसले आफ्नो दाइ रामलाई टक्कर दियो । अनि हरी सुध्रिदैं राम्रो र असल हुँदै गयो । यो देखेर उसको आमा पनि खुशी हुनुभयो ।

*कक्षा-४, नवोदय शिशु सदन, हेटौंडा-४*

# गजल



✍एवाइ प्रभात

तिम्रो सम्झनाले मन, फेरि पोलिरह्यो ।
शून्य रातभरि दिल, एक्लै बोलिरह्यो ।

आकाश जस्तै टाढा, भयो तिम्रो साथ,
तारा झैँ आशा पनि, टुटी झोलीरह्यो ।

विश्वासको दीप नै, निभेपछि थाहा भो,
अँध्यारोभित्र जीवन, बाटो खोलिरह्यो ।

आँसुका अक्छरले, लेखेँ कथा तिम्रो,
कागजभरि पीडा, मात्र डोलिरह्यो ।

समयले निको पार्ला, भनि चुप लागेँ,
घाउहरु पुरानो झन्, भित्र घोलिरह्यो ।

*धनकुटा*

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं




## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



सम्पादक

# प्रिय साथी सौगात



✍सुमन राय

प्रिय साथी सौगात,
तिमी मेरो जीवनको उज्यालो बिहान हौ,
स्कूलका ती हाँसोले भरिएका दिनहरूमा,
तिमी सधैं मेरो छेउमै उभिएको छौ ।

जब मन थाक्थ्यो,
तिमीले मुस्कान दिएर हिम्मत दियौ,
सानो-सानो कुरामा रमाउने त्यो,
हाम्रो बालापन अझै पनि याद आउँछ ।

कक्षा भित्रका कुरा,
बाहिरका रमाइला पलहरू,
सपना बुन्दै गरेको त्यो समय,
आज सम्झिँदा मन भावुक हुन्छ ।

प्रिय साथी सौगात,
समयले हामीलाई टाढा पुऱ्याए पनि,
मित्रताको त्यो डोरी कहिल्यै टुट्ने छैन,
किनकि तिमी मेरो मनको,
सबैभन्दा नजिकको साथी हौ ।

तिमी जहाँ भए पनि खुशी रह,
सपना सबै पूरा होउन्,
र सम्झिरहनु है तिमी जस्तै,
साथी जीवनमा एकपटक मात्र पाइन्छ ।

*कक्षा-११, विज्ञान संकाय, मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-२*

# आमा सुशीला तिमी

(शार्दूलविक्रीडित छन्द)



✍अर्चना दहाल

ठूलो आँट रहेछ सोच गतिलो दब्दै दबेनौ तिमी
थुप्रै तारिफ सुन्छु आज अहिले दायाँ र बायाँ अनि
बाधा बिघ्न थिए अनेक थरिका आगो समायौ चिनी
खम्बा झैँ उभियौ बनेर बलियी आमा सुशीला तिमी ॥

भान्सा भित्र हराउने पनि सधैँ नारी तिमी हौ अरे
मार्यौ क्या गतिलो छलाङ सजिलै जम्मै अचम्मै परे
तिम्रो हिम्मतदेखि आज अहिले आत्तिन्छ मान्छे चिनी
बोल्ने ठाउँ कहीँ बनेन अहिले आमा सुशीला तिमी ।

सुन्छौँ आज तिमी समान महिला पाइन्न कोही पनि
धर्ती झुक्न परे झुकेर रहला झुक्दैन माथै अनि
काँडामाथि बसी कपास जसरी आनन्द मान्यौ चिनी
जेन्जीले सहजै भनेछ अहिले आमा सुशीला तिमी ।

राखे नाम अनेक जात थरिका हेपेर साह्रै अनि
आँखा कान दुवै बनाइ मनुरो आगे बढेकी तिमी
भन्थे जो सबले छ नेत्र धमिलो वृद्धा अपाङ्ग मिनी
तिम्रो शक्ति बुझी डराउन पुगे आमा सुशीला तिमी ॥

आजै छोड्नु र भोलि छोड्नु तिमी भन्थे पुराना नयाँ
नाना दोष लगाउने प्रति भने लाग्दै न केही दया
हीरा हो कि फलाम भन्न अरुले सक्दैन कोही चिनी
सम्हालेर तिनी चुनाव सकियो आमा सुशीला तिमी॥

*सहायक प्रधानाध्यापक, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४*

## चित्रकला



श्रृष्टी श्रेष्ठ
कक्षा-१, दिव्य ज्ञान पुञ्ज एकेडेमी, हेटौंडा-४

## गाउँखाने कथा

१. चाँदीझैं फुल्छ, सुन झैं पाक्छ । आउने जानेलाई खान दिन्छ ।
• ऐँसेलु

२. आँसुलापाँसुला रातभरी टाँसुला, झिसमिसैमा फुत्त निस्की आफ्नै ठाउँमा बसुँला
• आग्लो

३. दाँत हेर्दा हिराजस्तो, जुँगा हेरे बाघ, कपडाको चाङभित्र पस्ने त्यसको जात ।
• मकै

४. पखेटा छैन आकाशमा उड्छ बतास आए भाग्छ, घामलाई छेक्छ ।
• बादल

५. पिँध चुस्ने टुप्पामा बाल्ने, मुखले च्याप्तै हावामा फाल्ने ।
• धुम्रपान

## आखिर के हो यो प्रकृति ?



**अस्मिता थापा**

आखिर के हो यो प्रकृति ?
कस्तो हुन्छ खास यसको आकृति ?

यी नाङ्गा आँखाले देखिने भौतिक संरचना
या
खोला, नाला, झरना वा पहाडको सुगन्ध त्यो मगमगी,
आखिर के हो यो प्रकृति ?
कस्तो हुन्छ खास यसको आकृति ?

भित्रभित्रै स्थायी डेरा जमाउन सफल त्यो अनकन्टार मर्म
या,
बाहिर ओठलाई थप आकर्षक बनाउन सफल ती सुखका कृति,
आखिर के हो यो प्रकृति ?
कस्तो हुन्छ खास यसको आकृति ?

*शिक्षक, नवोदय शिशु सदन, हेटौंडा-४*

## जागरणको घन्टी



**रित बहादुर श्रेष्ठ**

**लघुकथा**

निर्वाचनको कोलाहल शान्त भइसकेको थियो ।

नतिजाका अंकहरूले देशको राजनीतिक मानचित्रमा नयाँ शक्ति अंकित गरिसकेका थिए । सहरको एक पुरानो चिया पसलमा केही मानिसहरू बसिरहेका थिए, चिया गफसँगै कोही उत्साहित देखिन्थे, कोही आशंकित त कोही गहिरो चिन्तनमा ।

पसलको कुनै कुनामा बसिरहेका एक वृद्ध शिक्षक रामनारायण मौन थिए । २००७ साल पछिका पञ्चायती व्यवस्था, राजतन्त्र, प्रजातन्त्र, लोकतान्त्रिक गणतन्त्र लगायत खै के-के तन्त्रले उनका आँखामा समयसँगै थोपरेका अनुभवका तहहरू प्रष्ट देखिन्थे ।

एक युवकले उनितिर फर्केर उत्साहपूर्वक भन्यो, 'सर, अब त नयाँ शक्ति आएको छ । देश बदलिन्छ होला हैन ?'

शिक्षक रामनारायणले आफ्नो चियाकपबाट उठेको चियाको बाफलाई केही क्षण नियाले, लाग्छ, उनि आफ्नो मानसपटलमा इतिहासका धुलाम्य पानाहरू पढिरहेका छन् ।

त्यसपछि उनी बिस्तारै बोले, 'बाबु, राजनीतिमा नयाँ शक्ति उदाउनु भनेको केवल शासक र सत्ता समीकरण फेरिनु मात्र होइन । त्यो त जनआकांक्षाको गहिरो नदीले नयाँ मोड लिएको संकेत हो ।'

युवाहरू ध्यानमग्न भएर सुन्दै थिए भने केहि त कानेखुसी पनि गर्दै थिए ।

'तर बाबु, सम्झनु', उनले थपे, 'सत्ता आफैंमा परिवर्तनको पयार्य भने होइन । जबसम्म सत्तासँग नैतिक साहस, दूरदृष्टि, भूराजनीतिको ज्ञान र जनप्रतिवद्धताको आभास जोडिँदैन, तबसम्म त्यो केवल कुर्सीको खेल मात्र रहन्छ ।'

पसलभित्र क्षणिक मौनता छायो ।

बाहिर बिहानको उज्यालो बिस्तारै फैलिँदै थियो । रामनारायण सरले झ्यालतिर हेर्दै अन्तिम वाक्य उच्चाण गरे, 'नयाँ निर्वाचित राजनीतिक शक्ति देशको भविष्यको क्षितिजमा बज्न थालेको आशाको एउटा घण्टी हो', तर त्यो घण्टी जागरणको सन्देश बन्छ कि केवल क्षणिक कोलाहलमा सीमित रहन्छ, त्यसको निर्णय उनीहरूको विवेक, चरित्र र राष्ट्रप्रतिको उत्तरदायित्व अनि बलवान समयले गर्नेछ ।'

## सम्बन्ध



**मनोज कुमार कँडेल**

सम्बन्धहरू
चाहँदैमा बन्दैनन्
समयले बुनिरहेको हुन्छ ।
कयौं सम्बन्धहरू हामीले रोजेका पनि हुँदैनौं
समयसँगै आफैँ जोडिरहेका हुन्छन् ।

केही सम्बन्धहरू प्रारब्ध बनेर आएका हुन्छन्
केही पाठ बनेर सिकिन्छन्
केही त मौनतामै बसेर तड्पिन्छन्
र थाहा नपाई दुई आत्मा हल्लाइदिन्छन् ।

हामी भेटलाई संयोग भन्छौं
विछोडलाई दुर्भाग्य
तर आत्मा जानकार हुन सक्छ
यी सबै जीवन यात्राका मोडहरू हुन् ।

कुनै सम्बन्धले प्रेम सिकाउँछ
कुनैले धैर्य, कुनैले क्षमा
तर सबै सम्बन्धहरूले हाम्रो चेतनामा
कहिल्यै नबुझिने उज्यालो छोडिरहेका हुन्छन् ।

सम्बन्धका डोरीहरू कहिलेकाहीँ
नजिक भएर पनि टाढा हुनुपर्छ
कहिलेकाहीँ
टाढा भएर पनि आत्मासँगै जोडिनुपर्छ ।

माया अधिकार होइन, प्रेमात्माको सेवा हो
सम्बन्ध कब्जा होइन, प्रेमीप्रतिको समर्पण हो ।
प्रेमको प्रेमालय
टाढा रहन र महसुस गर्न सक्नु हो ।
मौन स्वीकार बेजोड शक्ति हो
त्यही दिन प्रेमिल आत्मा हलुका हुन्छ ।

अन्तत थाहा हुन्छ
हामी सबै समयका यात्रु हौं
तोकिएका क्षणहरूका सहयात्री ।
र जीवन डोऱ्याउने
त्यही अदृश्य प्रेमको धागोले हो
जुन प्रेम, करुणा र चेतनाले बुनेको छ
नदेखिए पनि महसुस हुने
नबोले पनि अन्तरात्मासम्म सुनिने ।

*(स्रोत: साहित्यपोष्ट)*

## गजल



**नवशिला**

ऊ छप्किरहेछ अचानो बनेर
सबैको नजरमा बिरानो बनेर ।

जसले गर्यो घात हिँडिरहेछ
ऊ चोखो भएर ओभानो बनेर ।

सकेन छेक्न त्यो आँधी र हुरी
रोदन गरेथ्यो ऊ छानो बनेर ।

लड्यो निरन्तर राष्ट्रका लागि
ढल्यो अशक्त र तानो बनेर ।

सकेन जोख्न यो जिन्दगीलाई
ऊ पाथी भएर ऊ मानो भएर ।

*बेलबारी-२, नवदेव मार्ग*
*लालभित्ती, मोरङ*







## साताको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि** : रोकिएका कामहरू बन्ने समय योग देखिन्छ । आफन्तका लागि समय छुट्याउनुपर्नेछ । मनमुटाव र विवाद क्रमशः समाधान होला । रचनात्मक कार्यमा मन जाने समय योग छ । आफू भित्रको क्षमता र सद्गुणहरु जीवन्त राख्ने समय छ । धार्मिक एवम् सामाजिक क्रियाकलापमा समय बित्ला । परोपकारजन्य काममा सरिक भइनेछ । अध्ययन, अध्यापन ठिकै रहने समय छ ।

**वृष राशि** : सकारात्मक विचारको उदय होला । नयाँ प्रविधि वा अनुभूति प्राप्त रहने समय छ । रोकिएका कामहरु पूर्ण होलान् । सहकर्मीको सहायताले काम पूर्ण हुने देखिन्छ । रोजगारीको सुनौलो अवसर आइपर्ला । आयश्रोत र लाभको बाटो प्रशस्तै छ । व्यापार-व्यवसायमा ठिकै छ । असमझदारी बढ्नाले कार्यक्षेत्र प्रभावित होला । दैनिक कामधन्दामा खट्नुपर्ने समय योग छ ।

**मिथुन राशि** : नाम, दाम, प्रतिष्ठा र पुरस्कार प्राप्त हुने समय योग छ । प्रेमजीवन निरस रहने छ । हाकिम, मातापिता वा विशिष्ट व्यक्तिको विचारले प्रभावित तुल्याउन सक्छ । परम्परित वा पैतृक सम्पत्तिबाट लाभ प्राप्त होला । कर्मप्राप्तिको प्रयासमा सफलता प्राप्त हुनेछ । मानसम्मान देखाउने हुँदा धन खर्च होला । अध्ययन-अध्यापन ठिकै रहने समय छ ।

**कर्कट राशि** : प्रभाव, साख, इज्जत र प्रतिष्ठा बढ्ने समय छ । चुनौतिका विषयमा गम्भीरतापूर्वक अध्ययन गर्नुपर्ला । ठूलाबडाको कृपा-पात्र बनिने समय छ । व्यवहारमा नम्रता हुनु जारी छ । परोपकार र धार्मिक कार्यमा समय बित्ला । अत्मज्ञान र धैर्यता कायम गर्नुपर्ला । भेटघाटले अनुकुल बन्ने समय छ । अध्ययन अध्यापन ठिकै रहने समय छ ।

**सिंह राशि** : जोखिम र सङ्कटको समय छ । अरुका लागि आफ्नो श्रम खर्च गर्नुपर्ला । स्वास्थ्य कमजोर रहने समय छ । नियमित कामधन्दामा समेत बाधा पुग्न सक्छ । सट्टापट्टा, हातहतियारसँग सजगता अपनाउनु पर्ला । व्यापार-व्यवसाय मध्यम कारक रहेको छ । धार्मिक एवम् सामाजिक र परोपकारकाममा मन जाला । अध्ययन, अध्यापनका कामबाट लाभ होला ।

**कन्या राशि** : मनोरन्जन र रमझममा रमाइने समय छ । मिठो भोजन प्राप्त हुने समय योग छ । कार्यक्षेत्रबाट फुर्सद, आनन्द र मस्तीमा भुलिने समय छ । आत्मिक अनुभूति प्राप्त हुने समय छ । पढाइ, लेखाइ ठिकै रहने समय योग छ । सामाजिक एवम् धार्मिक तथा परोपकारजन्य काममा लाभ प्राप्त होला । जिद्दी स्वभावले छाड्ने छैन । स्वास्थ्य समस्याको योग रहेको छ ।

**तुला राशि** : चिन्ता, शंका र चिड्चिढेपन बढ्न सक्छ । रिस र आवेग नियन्त्रण गर्दा राम्रो रहन्छ । व्यापार व्यवसायमा लचिलोपन प्रस्तुत गर्दा राम्रो रहन्छ । लेनदेनमा सतर्कता अपनाउँदा राम्रो हुन्छ । आत्मसंयमी र गम्भीर बन्दा राम्रो रहन्छ । पढाइ-लेखाइ मध्यम छ । सम्मानमा बढदोत्तरी होला । तर्कवितर्कमा पराजय होला । स्वास्थ्य समस्या योग छ ।

**वृश्चिक राशि** : वौद्धिक क्षेत्र र ज्ञानगुणनमा रमाइनेछ । आत्मविश्लेषण, आध्यात्मिक र रचनात्मक कार्यमा मन जानेछ । एकांकीपनमा कमि आउला । पारिवारिक सहयोग प्राप्त रहने समय छ । काममा विघ्नबाधामा आइपर्न सक्छन् । महत्वहिन र बेकारमा श्रम खर्च नगर्दा राम्रो रहन्छ । विज्ञान प्रविधिका क्षेत्रमा मन जानेछ । धार्मिक तालिम र समाज सेवामा मन जाला ।

**धनु राशि** : व्यावसायिक क्षेत्रबाट लाभ प्राप्त हुने समय छ । विचार/विमर्शमा खाडल सिर्जना हुनसक्छ । वैदेशिकमा सहयोग प्राप्त होला । प्रेमी प्रेमिकाका लागि शङ्कालु बानी र विश्वासको कमिले समन्वयमा कमजोरी हुनसक्छ । एकअर्काप्रति समर्पित हुँदा राम्रो रहला । पढाइ लेखाइ ठिकै छ । धार्मिक एवम् सामाजिक एवम् साँस्कृतिक अनि राजनीति काममा मन जाने समय छ ।

**मकर राशि** : अभिभावकलले दिएको जिम्मेवारी पुरा गर्ने समय छ । मिहिनेतको नतिना लाभप्रद होला । बोल्ने वा कला प्रदर्शनका लाभ होला । सामाजिक क्षेत्रमा काम गर्न सकिने छ । व्यापार-व्यवसाय ठिकै रहने समय छ । धार्मिक एवम् आध्यात्मिक यात्रा योग रहन सक्ने समय छ । वैचारिक मतभेद कायम भएपनि स्वास्थ्य स्थिति भने ठिकै रहने समय योग देखिन्छ ।

**कुम्भ राशि** : मीठो खाने र राम्रो लगाउने अनुकूल समय छ । आन्तरिक रुपमा धनलाभ होला । आत्मनिरीक्षण गर्ने योग छ । वौद्धिक क्षमताले जालसाँझी वा धोकाधडीबाट जोगिएला ? परोपकारमा रुचि बढ्ने छ । प्रतिष्ठा भने कायमै रहना । बोलीका पूर्ण प्रभाव छ । खर्च गर्दा होस् पुऱ्याएर गर्दा राम्रो रहन्छ । कठोर व्दले अरुलाई प्रभावित पार्ला ।

**मीन राशि** : जोस/जाँगर पलाउने समय छ । क्षमतामा वृद्धि हुने समय योग छ । निर्माण तथा व्यवहारिक क्षेत्र मन आकर्षित होला । अध्ययनमा प्रगति हुनेछ । उपहार, पुरस्कार प्राप्त हुने सक्नेछ । आँटेका काममा सफलता मिला । चिताएका कामहरु सम्पन्न हुने समय छ । माता पिताको आशीर्वाद प्राप्त होला । सामाजिक एवम् धार्मिक र पढाइ लेखाइका कामहरु ठिकै छन् ।

वास्तु किन चाहिन्छ ?

Scientific & Modern
तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?

❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।

निशूल्क परामर्श
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

## राष्ट्रिय महिला भलिबल

# न्यू डाइमण्ड क्लब र स्टेप क्लब सेमिफाइनल प्रवेश

समाज संवाददाता

राष्ट्रिय महिला भलिबल: न्यू डाइमण्ड क्लब र स्टेप क्लब सेमिफाइनल प्रवेश

हेटौँडा: हेटौँडामा जारी राष्ट्रिय महिला भलिबल प्रतियोगितामा काठमाडौँको न्यू डाइमण्ड स्पोर्टस् क्लब र लुम्बिनी प्रदेश स्टेप भलिबल क्लब प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा हेटौँडा-१० स्थित टिसिएन चौरमा जारी दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा शुक्रबार भएको खेलमा समूह 'ए' बाट न्यू डाइमण्ड क्लब समूह विजेता र स्टेप भलिबल क्लब समूह उपविजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको हो।

शुक्रबार भएको खेलमा डाइमण्ड क्लबले स्टेप भलिबल क्लबलाई ३-० को सोझो सेटले पराजित गरेको छ। डाइमण्ड क्लबले स्टेप क्लबलाई २५-१८, २५-१९ र २५-४ ले पराजित गरेको हो।

यस्तै, शुक्रबार समूह 'बी' मा रहेका बागमती प्रदेशको केशवलाल स्मृति प्रतिष्ठान र कोशी प्रदेशको ब्राइट फ्यूचर स्पोर्टस् क्लबबीचको खेल वर्षाका कारण स्थगित भएको छ। चौथो सेट चलिरहँदा अचानक पानी आएपछि खेल रोहिएको हो। पहिलो सेटमा ब्राइट फ्यूचरले केशवलाल स्मृति प्रतिष्ठानलाई २५-१५ ले पराजित गरेको थियो। त्यसपछि लगातार दोस्रो सेटमा २५-१४ ले र तेस्रो सेटमा २५-१६ ले केशवलाल स्मृति प्रतिष्ठानले ब्राइट फ्यूचरलाई पराजित गरेको थियो। स्थगित खेललाई उपयुक्त मौसममा सुचारू गरिने आयोजकले जानकारी दिएको छ।

प्रतियोगितामा सहभागी भएका ६ वटा टोलीलाई दुई वटा समूहमा विभाजन गरिएको थियो। दुबै समूहबाट शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछ। प्रतियोगिताको फाइनल खेल आइतबार हुनेछ। प्रतियोगिताको उपाधि विजेता टोलीले ३ लाख र उपविजेता टोलीले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्।

यस्तै, सेमिफाइनलमा पराजित हुने दुई टिमले ५० हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्।

# ओम बृद्धाश्रममा दुई महिनामा २ लाख ७७ हजार रुपैयाँ सहयोग




समाज संवाददाता

हेटौँडा: हेटौँडा-२, चौकीटोलस्थित ओम बृद्धाश्रममा दुई महिनामा २ लाख ७७ हजार रुपैयाँ नगद र खाद्यान्न प्राप्त भएको छ। आश्रममा माग र फागुन महिनामा २ लाख ७७ हजार ११ रुपैयाँ बराबर नगद प्राप्त भएको छ भने खाद्यान्न पनि प्राप्त भएको आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठले जानकारी दिनुभयो।

आश्रममा माघ महिनामा एक लाख ७१ हजार ९४५ रुपैयाँ नगद र ५ बोरा चामल, १० किलो दाल र ३२ लिटर तेल सहयोग प्राप्त भएको थियो। फागुन महिनामा एक लाख ५ हजार ६६ रुपैयाँ नगद र २० बोरा चामल, ५६ किलो दाल र ३६ लिटर तेल सहयोग प्राप्त भएको आश्रमका अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो। आश्रममा जन्मदिन, विवाह उत्सव, वार्षिकोत्सवलगायत विभिन्न अवसरमा सहयोग प्राप्त हुँदै आएको छ। आश्रममा नगद, खाद्यान्न, खाना खुवाउनेलगायत सहयोग प्राप्त हुँदै आएको छ। हाल आश्रममा १९ जना पुरुष र १४ जना महिला गरी २३ जना आश्रित छन्।

# ८ वटा पालिकामा आइतबारबाट वार्षिक परीक्षा

समाज संवाददाता

हेटौँडा: मकवानपुर जिल्लाका पालिकाहरुमा आइतबारबाट वार्षिक परीक्षा सुरु हुने भएको छ। ८ वटा पालिकामा कक्षा १ देखि ९ सम्म अध्ययनरत विद्यार्थीहरुको वार्षिक परीक्षा चैत ८ गते आइतबारबाट हुने भएको हो। परीक्षा १६ गते सम्पन्न हुने पालिकाका शिक्षा शाखा प्रमुखहरुले बताएका छन्।

मकवानपुरको बागमती, इन्द्रसरोवर, मकवानपुरगढी, मनहरी, भीमफेदी, थाहा, राक्सिराङ र कैलाशमा ८ गते आइतबारबाट परीक्षा सुरु हुनेछ भने बकैया गाउँपालिकामा ५ गते बिहीबारबाट परीक्षा सुरु भएको छ। सबै विद्यालयहरुले पालिकाको क्यालेण्डर र निर्णयअनुसार परीक्षा सञ्चालन गरेको पालिकाका शिक्षा शाखा प्रमुखहरुले बताए।

हेटौँडा उपमहानगरपालिकाभित्रका ८ र १० कक्षाबाहेकका परीक्षा विद्यालय आफैँले सञ्चालन गर्नेछन्। उक्त विषय पालिकाको कार्य क्षेत्रभित्र नपर्ने र विद्यालयको आन्तरिक विषय रहेको पालिकाका शिक्षा विकास महाशाखाका निमित्त प्रमुख हरिचन्द्र सापकोटाले बताउनुभयो। ८ कक्षाको परीक्षा भने ८ गतेबाट सञ्चालन हुनेछ।

बागमती गाउँपालिले परीक्षा २ दिन अगाडि सारेको छ। एसईई परीक्षाको परीक्षा केन्द्र विभिन्न विद्यालयमा पर्ने भएकाले परीक्षा अगाडि सारेको पालिकाका शिक्षा शाखा प्रतिनिधि प्रमोद राईले जानकारी दिनुभयो। क्यालेण्डर अनुसार परीक्षा ११ गतेबाट रहेको थियो।

यस्तै, राक्सिराङ गाउँपालिकाको परीक्षा २ दिन पछाडि सारिएको छ। पालिकाको क्यालेण्डर अनुसार परीक्षा ५ गतेदेखि भए पनि पछि सारिएको पालिकाका शिक्षा शाखा प्रमुख थारुले जानकारी दिनुभयो। १ देखि ९ कक्षासम्म ४ हजार ९३२ जना विद्यार्थी अध्ययनरत रहेका छन्।

भीमफेदी गाउँपालिकामा यस वर्ष १ देखि ९ कक्षासम्म ३ हजार १७७ जना विद्यार्थी रहेका छन्। यस्तै, कैलाशमा ४ हजार १७ जना, मनहरीमा ९ हजार ९१५ जना, इन्द्रसरोवर गाउँपालिकामा १ हजार ६ सय, मकवानपुरगढी गाउँपालिकामा ४ हजार १२१ जना विद्यार्थी रहेका छन्।

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) चैत १७ गतेबाट सञ्चालन हुनेछ। मकवानपुर जिल्लाबाट ७ हजार १ सय ९२ विद्यार्थीहरु समावेश हुने भएका छन्। यस वर्षको एसईईमा ५ हजार ५ सय २७ जना नियमित तथा ग्रेडवृद्धितर्फ १ हजार ६ सय ६५ जना सहभागी हुनेछन्। यीमध्ये प्राविधिक धारतर्फ १ सय ७५ जना नियमित र ग्रेडवृद्धिका ८८ गरी कुल २ सय ६३ जना एसईई परीक्षामा सामेल हुनेसमेत इकाईले जनाएको छ। हाल जिल्लामा प्राविधिक धारमा १० वटा विद्यालयहरुले पठनपाठन गराउँदै आइरहेका छन्।

# पहिरोले कान्तिलोक पथ अवरुद्ध

समाज संवाददाता

हेटौँडा : हेटौँडा-काठमाडौँ जोड्ने छोटो दुरीको कान्तिलोक पथ सडक पहिरोका कारण अवरुद्ध भएको छ। शुक्रबार दिउँसोको हावा-हुरीसहितको वर्षाका कारण उक्त सडकखण्ड अन्तर्गतको गंगटेमा पहिरो खस्दा सडक आवागमन ठप्प भएको हो।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार शुक्रबार साँझ ५ बजेको समयमा मकवानपुर भीमफेदी-८ गंगटेस्थित कान्तिलोक पथ सडकखण्डमा बाटो माथिबाट पहिरो खसेर पूर्णरुपमा अवरुद्ध भएको हो। सडकको माथिल्लो भागबाट ढुंगा र ग्राभेल सहितको पहिरो खस्दा सडक बन्द भएकाले सवारी आवागमन ठप्प भएको प्रहरीले जनाएको छ।

पहिरोले सडक अवरुद्ध भएको स्थानमा इलाका प्रहरी कार्यालय ठिंगनबाट प्रहरी टोली खटिएको र सडक खुलाउने प्रयास भइरहेको छ। स्थानीय तह र डिभिजन सडक कार्यालयसँगको समन्वयमा सडक खुलाउने प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक पुस्कर बोगटीले जानकारी दिए। उक्त सडक बन्द गरी स्तरोन्नति कार्य भइरहेको छ। कान्तिलोक पथ सडक आयोजना मार्फत सो सडक चौडा पार्ने तथा कालोपत्रे गर्नेगरी मकवानपुर तर्फको खण्डमा काम भइरहेको छ। पहिरो खसेको स्थान इलाका प्रहरी कार्यालय ठिंगनबाट ६ किलोमिटर उत्तरतर्फ पर्दछ।

# बोलेरोको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

समाज संवाददाता

हेटौँडा: चितवन जिल्लाको राप्ती नगरपालिका-२, गड्यौलीमा बोलेरोले ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। बिहीबार साँझ ९ बजेर २० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गमा लोथरदेखि भण्डारातर्फ जाँदै गरेको बा प्र ०३-००३ प ७९७९ नम्बरको मोटरसाइकललाई प्र २-०३-००१ च ७१२ नम्बरको बोलेरोले ठक्कर दिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। बोलेरोको ठक्करबाट मोटरसाइकल चालक २७ वर्षीय दिपेश उप्रेती गम्भीर घाइते भएका थिए। उप्रेतीलाई उपचारका लागि चितवनस्थित नयाँ मेडिकल कलेज लगिएको थियो। उपचारको क्रममा उनलाई बेलुका ८ बजेर १२ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। दुर्घटनामा संलग्न बोलेरो चालक बारा जिल्लाको कलैया नगरपालिका-१२ का ३७ वर्षीय शैलेशकुमार यादवलाई नियन्त्रणमा लिई घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

# प्रथम राष्ट्रिय आमन्त्रण तेक्वान्दो बुधबारदेखि हुने

समाज संवाददाता

हेटौँडा: दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव-२०८२ अन्तर्गत प्रथम राष्ट्रिय आमन्त्रण तेक्वान्दो प्रतियोगिता बुधबारदेखि हुने भएको छ। जिल्ला खेलकुद विकास समिति मकवानपुरको आयोजना तथा मकवानपुर जिल्ला तेक्वान्दो संघको व्यवस्थापनमा प्रतियोगिता हुन लागेको हो।

प्रतियोगिता चैत ११ गतेदेखि १३ गतेसम्म हुनेछ। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने टोलीले क्रमशः ५० हजार, ३५ हजार र २५ हजार रुपैयाँ पुरस्कार सहित शिल्ड, मेडल र ट्रफी प्राप्त गर्नेछन्। यस्तै, प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने खेलाडीले क्रमशः ३ हजार, २ हजार र १ हजार ५ सय रुपैयाँ पुरस्कार पाउनेछन्।

प्रतियोगितामा व्यक्तिगत विद्यातर्फ पनि सर्वोत्कृष्ट खेलाडीहरुका लागि ३/३ हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

# हेटौँडा एफएमको टावर भाँचियो

समाज संवाददाता

हेटौँडा : शुक्रबार अपरान्ह हेटौँडामा आएको हावाहुरीका कारण हेटौँडा-४, कमलडाँडास्थित हेटौँडा एफएम ९६.६ मेगाहर्जको प्रमुख प्रसारण टावर भाँचिएको छ। १ सय २० मिटर अग्लो प्रसारण टावर बीच भागबाट भाँचिएको हो।

टावर भाँचिएसँगै एफएमको प्रसारण समेत रोकिएको एफएमका अध्यक्ष उज्ज्वल चौलागाईले जानकारी दिनुभयो। प्रसारण एन्टेनासहितको सो टावर बीच भागबाट ढलेसँगै १५ लाख बराबरको क्षति भएको प्रारम्भिक अनुमान रहेको अध्यक्ष चौलागाईले जानकारी दिनुभयो। २०६२ सालदेखि सञ्चालित उक्त एफएमको टावर ढलेर हाललाई प्रसारण रोकिएपनि केही दिनमै पुनः मर्मत गरेर रेडियो सञ्चालनमा ल्याइने समेत उहाँले बताउनुभयो।

## एक नेपाली...

रहेका नेपालीहरू पनि मारमा परेका छन्। सरकारले नेपालीहरुलाई सम्पर्कमा आउन आग्रह गरेको थियो। जसअनुसार अहिलेसम्म ८२ हजार एक सय नेपाली नागरिकले विवरण दर्ता गराएको परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले सो जानकारी दिए। उनका अनुसार अनलाइन दर्ता प्रणालीमा दर्ता भएकामध्ये करिब ६ हजार जनाले शुरुमा आफूहरू असुरक्षित रहेको जानकारी गराएका थिए।

तर पछिल्ला दिनहरूमा असुरक्षित महशुस गर्नेहरूको संख्या उल्लेख्य रूपमा घटेको उनको दाबी छ। इजरायल, अमेरिका र इरानबीच बढ्दो तनावका बीच मध्यपूर्वका विभिन्न देशहरुबाट मन्त्रालयको आपतकालीन कक्षमा हालसम्म ७८ वटा कलसहित कुल १ सय ७० पटक सम्पर्क भएको क्षेत्रीले उल्लेख गरे। *स्रोत : अनलाइनखबर।*

# पिएम कपको विजेताले १० लाख पाउने

काठमाडौँ : प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको विजेताले १० लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने भएको छ। उपविजेता टोलीले ५ लाख रुपैयाँ पाउनेछ। नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा प्रतियोगिता चैत ७ गतेदेखि काठमाडौँस्थित मूलपानी क्रिकेट मैदान बाट सुरु हुनेछ। प्रतियोगिताका खेलहरू पर्सा र जनकपुरमा समेत सञ्चालन गरिनेछ। क्यानका अनुसार प्रतियोगिता सञ्चालनका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भइसकेको छ।

## रोजगारीको अवसर

हेटौँडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसील**
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना।
बेकरी हेल्पर : ३ जना।
क्लिनर : २ जना।

**सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ।**

**सम्पर्क : ९८२१-२५९३९३**

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौँ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

## वार्षिक साधारणसभा सम्बन्धी सूचना

नेपाल हृदयरोग निवारण प्रतिष्ठान, मकवानपुर शाखाको २०औँ वार्षिक साधारण सभा तपसिलमा हुने हुँदा उक्त कार्यक्रममा संस्थाका सम्पूर्ण सदस्यहरुको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौँ।

**तपसिल**
मिति : २०८२ चैत्र ७ गते शनिबार।
समय : बिहान १०:३० बजेदेखि दिउँसो १:३० बजेसम्म।
स्थान : हेटौँडा-४, भुवनेश्वर पशुपति मन्दिरको सभाहल

**विजय कुमार वैद्य**
**सभापति**
**नेपाल हृदयरोग निवारण प्रतिष्ठान, मकवानपुर शाखा**

## हेटौँडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

**(HRL)**

**खुल्ने समय: बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौँ।

थप जानकारीको लागि HRL
**हेटौँडा रिफरेन्स ल्याबरोटरी**
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## स्वतन्त्र पत्रकार संघ नेपाल

केन्द्रीय कार्यालय : पोखरा-८, न्यूरोड

**पाँचौं अधिवेशन सम्बन्धी सूचना**

स्वतन्त्र पत्रकार संघ नेपालको केन्द्रीय कार्यसमितिको फागुन २ गते बसेको बैठकले गरेको निर्णय अनुसार संस्थाको १४ औं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशन यही २०८२ चैत २० र २१ गते नवलपुरको गैंडाकोट-१ मा हुने भएकाले संघका जिल्ला शाखाहरु तथा सम्बन्धित सम्पूर्णलाई जानकारी गराइन्छ। उक्त अधिवेशनमा सहभागिताको लागि शाखाको जिल्ला अधिवेशनमा भएको सभाको निर्णय प्रतिलिपि, शाखा अध्यक्ष तथा निर्वाचित राष्ट्रिय पार्षद्को २ प्रति फोटोसहितको व्यक्तिगत विवरण र शाखाबाट उठाइएको वार्षिक सदस्यता शुल्कको ५० प्रतिशत रकम यही २०८२ चैत्र १० गतेभित्र केन्द्रमा दाखिला गर्न अनुरोध छ।

**निर्णय प्रतिलिपि तथा व्यक्तिगत विवरण पठाउने ठेगाना**

१) उपमहासचिव - कल्याण पन्त
kalyanpanta@yahoo.com
२) उपमहासचिव - सुरेश श्रेष्ठ
reporttosuresh@gmail.com

महेशजङ्ग कुँवर
महासचिव

**शुल्क दाखिलाको लागि**
माछापुच्छ्रे बैंक खाता नं. ००५००२५३३०४०००११
मुक्तिनाथ विकास बैंक खाता नं. ००१५५४९४९९




जनहितका लागि
**समृद्ध समाज राष्ट्रिय दैनिक**
हेटौँडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ